## भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ८ मितिः २०७६/०९/२६

भाग-२


**भूमे गाउँपालिका**

## टोल विकास संस्था सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०७६

**गाउँसभामा प्रस्तुत मितिः २०७६।०९।२५**

**गाउँसभाबाट स्वीकृत मितिः २०७६।०९।२५**

भूमे गाउँपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

भूमे गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि संशोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भूमे गाउँपालिकाको टोलविकास संस्था सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०७६ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कार्यविधिको दफा ३ मा देहाय बमोजिम थप गर्नेः**

(ङ) साधारण सभाबाट सदस्यमध्येबाट कार्यकारिणी अधिकार प्रयोग गर्ने गरी अध्यक्ष, कोषाध्यक्ष, सचिव मध्ये एक जना महिला रहने गरी कम्तिमा ३३ प्रतिशत सदस्य महिला रहेको ७ देखि ११ जनासम्मको कार्यकारी समिति गठन गर्न सक्नेछ ।

३. **कार्यविधिको दफा ५ मा देहाय बमोजिम थप गर्नेः**

(१८) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम टोल विकासमार्फत सञ्चालन गर्ने भनी तोकिएका आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

आज्ञाले,

चन्द्रसिंह श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः...  संख्याः...  मितिः ..../../..

**भाग-२**

**भूमे गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत